# वार्षिक प्रगति प्रतिवेदन, कृषि शाखा, ताम्कू; संखुवासभा

## आ.व. २०८०/०८१

सिलिचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि शाखा
ताम्कू, संखुवासभा
१ नं. प्रदेश नेपाल
२०७३

<u>प्रतिवेदक</u>

गौरब यादव
कृषि शाखा प्रमुख

कृषि सेवा शाखा संयोजक

## प्रतिवेदन

### १. परिचय:

नेपाल एक कृषि प्रधान देश हो | देशको कुल क्षेत्रफलको लगभग २१ प्रतिशत जग्गामा खेतीपाती भईरहेको छ | नेपालमा बसोबास गर्ने कुल जनसंख्याको ६० प्रतिशत मानिसहरु कृषि पेशामा आवद्ध छन् | नेपालको कुल ग्राहस्थ उत्पादनको २३.९ प्रतिशत भाग कृषिबाट मात्रै आउने गरेको अवस्था छ | अझ यस सिलीचोङ गाउँपालिकाको हकमा ८० % भन्दा बढी जनसंख्याको मुख्य पेशा नै कृषि रहेको हुनाले यस गाउँपालिकाले वर्षेनी कृषिलाई प्राथमिकतामा राखेर विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आईरहेको छ | यस आ.व. २०८०/०८१ मा सिलीचोङ गाउँपालिकाको कृषि विकास शाखाले संचालन गरेको कार्यक्रमको प्रगति प्रतिवेदन तयार पारिएको छ |

### २. उदेश्य:

१. कृषकहरुलाई विभिन्न किसिमका कृषि कार्यक्रमहरुमा आर्थिक तथा प्राविधिक सहयोग पुर्याई कृषि जन्य उत्पादन बढाउने |
२. विभिन्न बाली प्रवर्धन कार्यक्रम मार्फत कृषकलाई अनुदान उपलब्ध गराउने |
३. कृषकलाई सिपमुलक व्यवसायीक तालिम उपलब्ध गराई आत्मनिर्भर बन्न मदत गर्ने |
४. कृषकहरुलाई दक्ष बनाउनको लागि विभिन्न किसिमका तालिम संचालन गरि सिप विकास गराउने |
५. कृषि जन्य उत्पादनको बजारीकरणमा सहजीकरण गरि कृषकको आर्थिक उपार्जन बृधि गर्न सहयोग गर्ने |
६. कृषकहरुका बालिनालिमा देखिएका समस्याहरुको पहिचान गरि आवश्यक परामर्श सहित बाली संरक्षण सेवा दिने |

### ३. उपलब्धिहरु:

आ.व २०८०/०८१ मा कृषि विकास शाखाले संचालन गरेका प्रमुख कार्यक्रमको प्रगति विवरण तपसिल बमोजिम रहेको छ |

**तपसिल**

कृषि सेवा शाखा संयोजक

| क्र.सं. | क्रियाकलापहरु | कार्यान्वयन अवस्था | लाभग्राही | कैफियत |
|---|---|---|---|---|
| १. | अकबरे खुर्सानी खेति कार्यक्रम (५० % अनुदान) | सम्पन्न | श्री मेवाहाङ कृषि फर्म, बाला<br>श्री सुनखरी कृषक समूह, ताम्कू<br>श्री सिलीचोङ कृषि तथा पशुपालन फर्म, याफू<br>श्री क्याटबरी कृषि तथा पशुपंक्षी फर्म, याफू<br>श्री देवायोङ कृषि तथा पशु फर्म, याफू | प्रति फर्म/समूह रु. ४०,०००\|- सम्मको अनुदान \| |
| २. | आधुनिक मौरी घर वितरण कार्यक्रम (५० % अनुदान) | सम्पन्न | श्री याङदेप मौरी पालन फर्म, माङतेवा<br>श्री धारापानी पशु तथा कृषि फर्म, माङतेवा<br>श्री ईमन कृषि तथा पशुपालन फर्म, याफू<br>श्री शर्मिला कृषि तथा पशुपालन फर्म, याफू<br>श्री सिलीचोङ कृषि तथा पशुपालन फर्म, याफू | प्रति फर्म/समूह ७ वटा आधुनिक घार वितरण \| |
| ३. | अलैंची पकेट विकास कार्यक्रम (५० % अनुदान) | कार्यक्रम सम्पन्न, भुक्तानीको लागि फाइल आगाडी बढी सकेको | श्री हेब्रोन कृषि फर्म, ताम्कू, याचाम्खा | अधिकतम रु. ६,००,०००\- सम्मको अनुदान पाउने |
| ४. | मकै बीउ खरिद, ढुवानी तथा वितरण कार्यक्रम (५०% अनुदान) | सम्पन्न | माग फारम भरेका सम्पूर्ण कृषकहरु | |
| ५. | कन्ने च्याउ बीउ वितरण कार्यक्रम (५० % अनुदान) | सम्पन्न | माग फारम भरेका सम्पूर्ण कृषकहरु | |
| ६. | दाँते ओखर कलमी बिरुवा वितरण कार्यक्रम (५० % अनुदान) | सम्पन्न | माग फारम भरेका सम्पूर्ण कृषकहरु | |

कृषि सेवा शाखा संयोजक

| | | | | |
|---|---|---|---|---|
| ७. | मेकाड़ेमिया नट विरुवा वितरण कार्यक्रम (५० % अनुदान) | सम्पन्न कार्यक्रम, भुक्तानीको लागि फाइल आगाडी बढी सकेको | माग फारम भरेका सम्पूर्ण कृषकहरु | |
| ८. | हिउँदे तथा वर्षे उन्नत तरकारी बीउ वितरण कार्यक्रम (५०% अनुदान) | सम्पन्न | माग फारम भरेका सम्पूर्ण कृषकहरु | |
| ९. | आकस्मिक बालि उपचार सेवाका लागि विषादी, किटनाशक, ढुसिनाशक वितरण कार्यक्रम (१०० % अनुदान) | सम्पन्न | माग फारम भरेका सम्पूर्ण कृषकहरु | |
| १०. | कृषि सूचनामूलक पम्प्लेट तथा लिफलेट छपाई तथा वितरण कार्यक्रम | सम्पन्न | सिलीचोङ गाउँपालिकाको पाँच वटै वडा कार्यालयहरुमा पठाईएको | |
| ११. | कृषक क्षमता अभिबृधि कार्यक्रम (मौरी पालन सम्बन्धि तालिम, कफी खेति सम्बन्धि तालिम) | सम्पन्न | जम्मा ५० जना सहभागी | |
| १२. | कृषक फिल्ड अनुगमन | जारी | सिलीचोङ गाउँपालिकाका पाँच वटै वडाका कृषकका फिल्डहरुमा | |
| १३. | रैथान बालि प्रवर्धन कार्यक्रम | आवेदन नपरेको | - | प्रदेश सशर्त कार्यक्रम |

कृषि सेवा शाखा संयोजक

४. निष्कर्ष:

सिलीचोङ गाउँपालिका कृषि विकास शाखाको लागि आ.व. २०८०/०८१ मा १३ औं गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु सम्पन्न भएको छ ।

कृषि सेवा शाखा संयोजक

**सम्झनाका केहि तस्विरहरु:**




चित्र नं. १. : अलैंची फिल्ड भेरिफिकेसन, याचाम्खा



चित्र नं. २. : अलैंची फिल्ड भेरिफिकेसनं याफू









चित्र नं. ५. : कृषकहरु संग छलफल



चित्र नं. ६. : हिउँदे तरकारी बीउ वितरण







कृषि सेवा शाखा संयोजक



चित्र नं. १३. : फिल्ड अनुगमन



चित्र नं. १४. कृषकहरुलाई तालिम








कृषि शाखा

कृषि सेवा शाखा संयोजक





कृषि सेवा शाखा संयोजक



कृषि सेवा शाखा संयोजक

